# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

**पुराना फर्निचर, कम्प्युटर आदि जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना !**

(दोश्रो पटक सूचना प्रकाशित मिति २०७८।३।८)

आयोगमा रहेका पुराना फर्निचर र इलेक्ट्रोनिक्स आदि मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्मले निम्न लिखित सर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले चौथो दिनको कार्यालय समयसम्म यस आयोगको आन्तरिक व्यवस्थापन शाखामा लिखित निवेदन पेश गरी रु.१,०००।- (अक्षेरुपी एकहजार फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ५ औं दिन दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिनको १२.०० बजे भित्र आयोगको आन्तरिक व्यवस्थापन शाखामा दर्ता गराई सक्नुपर्नेछ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई **"अख्तियार दुरुपयोग अनुसन्धान आयोगको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र, २०७८"** उल्लेख भएको हुनुपर्नेछ । एक पटक दर्ता भएको बोलपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

३. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ५ औं दिन दिनको २:०० बजे आयोगको आन्तरिक व्यवस्थापन शाखामा उपस्थित फर्म/व्यक्ति र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकम बुझाई यस आयोगको परिसरबाट जिन्सी सामान उठाइ सक्नुपर्नेछ ।

५. सिलवन्दी बोलपत्र साथ आफुले कबोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने रकम बराबर यस आयोगको नाममा "क" बर्गको बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत वा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेलस्थित धरौटी खाता नं. ११००१००१०२०३०००० (यस आयोगको कोड नं. २०६००३५०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । बैंक जमानतको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ३ (तिन) महिना सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

६. बोलपत्र पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मुल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.व. २०७६।०७७ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि बोलपत्र फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

७. लिलाम गरिने सामानहरुको विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराममा समावेश सम्पूर्ण मालसामानको कुल न्युनतम मूल्य रु.२,८५,११८।- (दुई लाख पचासी हजार एकसय अठार मात्र) कायम गरिएकोले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिने छ ।

८. सिलवन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ ।

९. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम हुनेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र आयोगको आन्तरिक व्यवस्थापन शाखामा (फोन नं. ०१-५२६२१११) मा सम्पर्क राख्न सकिने छ ।